नि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक २२५ २०८१ साल चैत २६ गते मंगलबार (8 Apr. 2025 Tuesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : स्वास्थ्य बिमा : बोर्डमा ... ३ पृष्ठमा : वायु प्रदूषण नियन्त्रणमा ... ३ पृष्ठमा : अमेरिकामा दादुराबाट ...

# आगलागीले बिग्रेको सिसी क्यामरा अझै मर्मत भएन



**सतिश कुमार दत्त**
**राजविराज, २५ चैत ।**

राजविराज नगरपालिकाको मुख्य सडकहरुमा जडान गरिएका सिसी क्यामेराहरु विगत १५ दिन देखी विग्रेपनि नगरपालिकाले त्यसको मर्मत संभार गर्न सकेको छैन् ।

नगरको शान्तिसुरक्षा र नगर क्षेत्र भित्र हुने विभिन्न घटना दुर्घटना निगरानी गर्ने उद्देश्यले जडान गरिएको सिसी क्यामेराले काम नगर्दा अपराधका घटनाको सत्यतथ्य पत्ता लगाउन अप्ठ्यारो भएको छ ।

राजविराज नगरपालिकाले आर्थिक वर्ष २०८०/०८१ मा नगरको शान्ति सुरक्षाका लागी जडान गरेको सिसी क्यामेराहरुको नियन्त्रण कक्ष जिल्ला प्रहरी कार्यालय सप्तरीमा राखिएको छ ।

सडक दुर्घटनाका बारेमा जानकारी लिन जिल्ला प्रहरी कार्यालयमा पुग्दा १५ दिन भन्दा बढी समयदेखी सो सिसी क्यामेराहरु नचल्ने भएर केही जानकारी दिन असमर्थ रहेको कार्यालयका आईटी शाखाले जनाएको छ ।

क्यमेराको संचालन र रेखदेख गर्ने जिम्मेवारी राजविराज नगरपालिको भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडाले जानकारी दिए ।

"हामीले क्यामराको सहयोगबाट गतिबिधी मात्र हेर्ने हो, क्यामेराको संचालन र रेखदेखको जिम्मेवारी नगरपालिकाको हो ।" उनले भने, "चैत ९ गते राजविराजस्थित जनआन्दोलन चौकमा रहेको बिजुलीको पोलमा आगलागि भएपछि सोही दिनदेखी क्यामराहरु चल्न बन्द भएको छ, चैत १० गते मौखिक रुपमा नगरपालिकालाई जानकारी गराउँदा पनि नबनाएपछि चैत १५ गते लिखित रुपमै पत्राचार गरेका छौं, तर हाल सम्म पनि मर्मत भएको छैन ।"

यस सम्बन्धमा कावा नगरप्रमुख इसरत परवीनसंग बुझ्न खोज्दा राजविराजको मेन रोडमा आगलागी हुदा केही तारहरु जलेको बताउदै उनले मर्मतका लागी प्रयासरत छौ, चाडै ठिक हुने आवश्वसन दिए ।

नगरपालिकाले राजविराजस्थित गजेन्द्र चौक, नेता चौक, राममन्दिर, अदालत रोड र रुपनी बसस्टेण्ट र पानीटंकी रोड सहितका क्षेत्रमा निगरानी गर्न आर्थिक वर्ष २०८०/०८१ मा ५० लाखको लागतमा उपभोक्ता समिति मार्फत नगरभरी सिसी क्यामेराहरु जडान गरेको थियो ।

रातीको समयमा सिसि क्यामराको भिजनलाई राम्रो बनाउन ५ थान फ्लोड लाईट र १३ थान मिनि फ्लोड समेत जडान गरिएको गरिएपनि यो सेवा कहिल्यै नियमित रहेको छैन ।

राजविराज नगरपालिकाले १ सय १५ थान क्यामेरा जडान गरिएको बताए पनि प्रहरी नियन्त्रण कक्षमा ८३ वटा क्यामेराको गतिवीधी मात्र हेरिने गरिएको छ ।

# मधेस प्रदेशका स्वास्थ्य संस्थाहरूमा औषधी अभाव

जनकपुर, २५ चैत (रासस) ।

मधेस प्रदेशका सरकारी स्वास्थ्य संस्थाहरूमा औषधि अभाव भएको छ । मधेस प्रदेशको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयअन्तर्गतका स्वास्थ्य आपूर्ति केन्द्रमा पटकपटक निर्देशक परिवर्तन भएसँगै त्यहाँ विवाद हुँदा औषधि खरिद हुननसकेको बताइएको छ ।

औषधि अभाव भएपछि विपन्न वर्गका बिरामीहरू समस्यामा परेका छन् । हाल प्रादेशिक अस्पतालहरूले आन्तरिक स्रोतबाट अत्यावश्यक औषधि खरिद गरेर सेवा सञ्चालन गरे पनि सरकारले तोके अनुसार निःशुल्क औषधि बिरामीलाई उपलब्ध गराउन सकेको छैन ।

मधेस प्रदेशको १३६ स्थानीय तहमा प्रयोगशाला स्थापना गरेको प्रदेश जनस्वास्थ्य प्रयोगशालामा परीक्षणका लागि आवश्यक किट नभएका कारण थप समस्या भएको छ । प्रदेश जनस्वास्थ्य प्रयोगशालाका तत्कालीन निर्देशक डा श्रवण मिश्रलाई हटाइएको थियो । मिश्र उच्च अदालत जनकपुरधामको आदेश पछि पुनः जिम्मेवारीमा फर्किनुभएको छ ।

प्रदेश स्वास्थ्य आपूर्ति केन्द्रमा औषधि आपूर्तिका लागि प्रक्रिया अगाडि बढाइ सकिएको र चाँडै आपूर्ति हुने मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले जानकारी दिनुभयो । सरकारले उपलब्ध गराउने ९८ प्रकारका औषधिमध्ये आधा पनि उपलब्ध गराउन सकेको छैन ।

# वार्तामार्फत शिक्षकको माग सम्बोधन गर्न अध्यक्ष यादवको सुझाव

काठमाडौँ, २५ चैत (रासस) ।

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष तथा पूर्वउपप्रधानमन्त्री उपेन्द्र यादवले वार्तामार्फत आन्दोलनरत शिक्षकका माग सम्बोधन गर्न आग्रह गर्नुभएको छ ।

सोमबार प्रेस विज्ञप्ति जारी गर्दै अध्यक्ष यादवले सरकारले शिक्षासम्बन्धी नीति, योजना, ऐन र कार्यक्रमहरूको समीक्षा गरी व्यापक परिवर्तन गर्दै शिक्षा क्षेत्रका विकृति,

***बाँकी अन्तिम पृष्ठमा***

# शिक्षक आन्दोलनका कारण विद्यालयको प्रशासनिक काम ठप्प

## वार्षिक परीक्षाको रिजल्ट समेत प्रभावित

**दैनिक समाचारदाता**
**राजविराज, २५ चैत ।**

सामुदायिक विद्यालयका शिक्षकहरुको आन्दोलनका कारण सप्तरीका सम्पूर्ण सामुदायिक विद्यालयहरुको प्रशासनिक काम ठप्प भएको छ भने वार्षिक परीक्षाको रिजल्ट समेत प्रभावित भएको छ ।

विद्यालय शिक्षा विधेयकमा संशोधन तथा विगतमा भएको सहमति कार्यान्वयन गर्न माग गर्दै आन्दोलनरत शिक्षकहरुको काठमाडौं केन्द्रित आन्दोलनमा समर्थन जनाउन सप्तरीका शिक्षकहरु गएपछी सोमबार सम्पूर्ण सामुदायिक विद्यालयहरुको प्रशासनिक कामकाज ठप्प भएको हो ।

नेपाल शिक्षक महासंघको आह्वानमा अधिकांश शिक्षकहरु अहिले काठमाडौं केन्द्रित आन्दोलनमा सरिक हुन गएपछी विद्यालयको प्रशासनिक कामकाज ठप्प हुनुका साथै वार्षिक परिक्षाको कपी चेकका साथै रिजल्ट समेत प्रभावित बन्न पुगेको छ ।

विगतमा नेपाल शिक्षक महासंघसँग भएको सहमतिको पालना तथा विद्यालय शिक्षा विधेयक संशोधन गरि शिक्षा ऐन जारि नभएसम्म शैक्षिक आन्दोलन जारि राख्ने आन्दोलनरत शिक्षकहरुले अडान समेत लिएका छन् ।

राजविराज नगरपालिकामा मात्रै ६ मावि, १२ निमावि र २४ प्रावि गरि कुल ४२ सामुदायिक विद्यालय छन् । यस्तै जिल्ला भरिमा मावि, निमावि र प्रावि गरि कुल ५ सय १३ सामुदायिक विद्यालय छन् । जसमा डेढ लाख भन्दा

***बाँकी अन्तिम पृष्ठमा***

**जनज्योति कृषि सहकारी संस्था लिमिटेड**
मुख्य कार्यालय मलेठ-९, सप्तरी

पान नं. :- ३०५११४४१७
चलानी नं. :- २६३
पत्र संख्या :- २०८१/०८२
मिति :-२०८१।१२।२५

विषय : प्रेस विज्ञप्ति

प्रस्तुत विषय राजविराज नगरपालिका वडा नं. ५ बस्ने संजय दासले सामाजिक संजाल (फेसबुक) मार्फत यस जनज्योति कृषि सहकारी संस्था लि. राजविराज ९ र उक्त संस्थाका अध्यक्षलाई लक्षित गरि मिति २०८१।१२।२४ गते लेखेको स्टाटस प्रति यस संस्थाको गम्भिर ध्यानाकर्षण भएको छ ।

हिजो आज सहकारी संस्थाबाट ऋण लिएका ऋणीहरुले ऋण लिई सम्भवत तिर्नु नपरोस भन्ने मानसिकतावाट ग्रसित भई चरित्र हत्या हुनेगरी विभिन्न भ्रामक तथा तथ्यहिन अभिव्यक्तिहरु सामाजिक संजालमा व्यक्त गरि भ्रम फैलाउने, संस्थाका पदाधिकारी सहित सिंगो संस्थालाई बदनाम गराउने र चरित्र हत्या गर्ने सम्मको क्रियाकलाप गर्दै आएको सर्वविदित्तै छ ।

त्यस्तै मानसिकताबाट ग्रसित राजविराज ५ निवासी संजय दासले यस संस्थावाट मिति २०७३।१०।२५ गते विना धितो ऋण लिई हालसम्म उक्त ऋण चुक्ता नगरेको तथा उनी सम्पर्कमा पनि नरहने भएकाले संयोगवश यहि चैत २४ गते उनी सर्म्पक हुँदा संस्थाको ऋण बुझाउन तागेदा गरेपछि उल्टै विवाद गरि सामाजिक संजालमा संस्था तथा संस्थाका अध्यक्षप्रति लक्षित गरेर झुठा, निराधार, भ्रमित पार्ने र संस्थाको समेत मान मर्यादामा आघात पुऱ्याउने गरि सामाजिक संजालमा पोष्ट गरेको अभिव्यक्तिलाई खण्डन गर्दै भत्सर्ना गर्दछौ । साथै यस्ता भ्रामक र तथ्यहिन कुरामा विश्वास नगर्न सम्पूर्ण शेयरधनी तथा बचतकर्ता लगायत सबै सरोकारवालहरुमा हार्दिक अनुरोध छ ।

भवदिय,
२०८१।१२।२५
मनोज कुमार यादव
व्यवस्थापक

## सम्पादकीय

### नगर व्यवस्थित तर्फ अझै ध्यान पुगेन

मुलुककै पुरानो मध्ये राजविराज नगरपालिका अझै नगर व्यवस्थित गर्नेतर्फ ध्यान पुऱ्याएको देखिदैन् । राजविराज नगरको सरसफाईमा केही सुधार देखिए पनि बिजुली बत्ति, सवारी पार्किङ अझै व्यवस्थित हुन सकेको छैन् । यस बाहेक बजार र हटिया ब्यवस्थापन, सडकहरुको अवस्था भने अहिले अव्यवस्थित नै रहेको छ । अव्यवस्थित तरिकाले बनिरहेको घरहरुबारे नगरपालिकाले खासै ध्यान दिएको देखिदैन् । बाटोमा बनेको खाल्डो खुल्डोमा वर्षाको पानी जमेपछि बटुवा तथा सवारीसाधनहरुलाई आवतजावत गर्न कठिनाई भइरहेकोप्रति पनि कुनै सुनुवाई छैन् ।

यता सहरको मुख्य चौकहरुमा फुटपाथलाई पसलेहरुले कब्जा गरेर नीजि प्रयोग गर्दैआइरहेको प्रति पनि कुनै वास्ता छैन् । सडक छ, बिजुली बत्ति छ । तर, सडक जिर्ण बन्दै गएको छ भने नगरको सहायक सडकहरुमा बत्ति बल्दैन् । नाला छ, तर ढलको व्यवस्था छैन् । पर्याप्त मात्रामा सार्वजनिक शौचालय नहुँदा व्यक्तिहरुले सास्ती व्यहोर्नु परेको छ । यद्पी नगरलाई व्यवस्थित गर्नतर्फ थोरै अग्रसर भएको देखिन्छ ।

तसर्थ मुलुककै पहिलो टाउन प्लानिङ्ग राजविराज नगरपालिकालाई अहिलेको अवस्थाबाट उन्मूख गराउन सम्पूर्ण नगरवासीसँग हातेमालो गरेर अगाडी बढ्नु अति आवश्यक छ ।

# स्वास्थ्य बिमा : बोर्डमा जम्मा रकम एक अर्ब, भुक्तानी दायित्व १६ अर्ब ४५ करोड

काठमाडौं, २५ चैत (रासस) ।

सरकारको स्वास्थ्य बिमा कार्यक्रमअन्तर्गत भुक्तानी दिनुपर्ने दायित्व रु १६ अर्ब ४५ करोड पुगेको छ । स्वास्थ्य बिमा बोर्डले आइतबार यहाँ पत्रकार सम्मेलनमार्फत स्थिति पत्र सार्वजनिक गर्दै आम्दानी कम तथा खर्च बढी हुँदा वित्तीय असन्तुलन, बोर्डको विश्वसनीयता तथा वित्तीय दिगोपना कायम राख कठिन देखिएको बताएको छ ।

बोर्डका कार्यकारी निर्देशक डा रघुराज काफ्लेले स्थिति पत्र सार्वजनिक गर्दै कोषमा आम्दानीका सीमित स्रोत र घाटा बजेटले समस्या देखिएको बताउनुभयो । "स्वास्थ्य बिमा कोषमा बीमितबाट प्राप्त हुने रकम र नेपाल सरकारबाट प्राप्त हुने रकम मात्र जम्मा हुने गरेको छ । बोर्डले अन्य स्रोतबाट आम्दानी प्राप्त गर्न सकेको देखिँदैन", उहाँले भन्नुभयो, "चालु आर्थिक वर्षको फागुन मसान्तमा बोर्डमा जम्मा रु एक अर्ब रकम रहेको छभने भुक्तानी दिनुपर्ने रकम १६ अर्ब ४५ करोड छ । यस्तो आम्दानी र खर्च बीचको अन्तर निरन्तर फराकिलो हुँदै गएको छ । चालु आर्थिक वर्षमा बोर्डले जम्मा २६ अर्ब ५९ करोडको बजेट स्वीकृत गरेको छ तर प्राप्त हुने रकम स्वीकृत बजेटको एक तिहाइ मात्र हुने देखिन्छ ।"

काफ्लेका अनुसार स्वास्थ्य बिमा कोषमा बढ्दो दायित्व र प्रत्येक वर्ष कोषले घर भाडाबापत दुई करोड ३४ लाख भुक्तानी दिँदै आएको छ । कार्यरत कर्मचारीको तलब भत्ता तथा दर्ता सहयोगी प्रोत्साहनबापत बर्सेनि करोडौं भुक्तानी गर्ने गरेको र जुन निरन्तर बढ्दै गएको उहाँको भनाइ छ । "सेवा प्रदायकलाई भुक्तानी दिने रकम मासिक करिब दुई अर्ब थपिने गर्दछ । अन्य प्रशासनिक खर्च पनि नियमित ढङ्गबाट बढेको देखिन्छ । यसबाट स्वास्थ्य बिमा कोषमा आम्दानी र खर्चबीचको अन्तर निरन्तर बढ्दै गएको छ", काफ्लेले भन्नुभयो, "बेरुजु बढ्दो छ । महालेखा परीक्षकको कार्यालयबाट प्राप्त प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८०/८१ को अन्तिम लेखापरीक्षणको अवधिसम्म बोर्डको बेरुजु रु दुई अर्ब ८५ करोड २४ लाख ८९ हजार ४९५ रहेको छ । बोर्डको वार्षिक आन्तरिक आम्दानीको ७५ प्रतिशत बेरुजु देखिनु आफैंमा चुनौतीपूर्ण छ । बेरुजु फर्छ्यौट गर्नेतर्फ थप मेहनत गर्नुपर्ने देखिन्छ ।"

उहाँले स्वास्थ्य बिमामा प्रतिपरिवारले गर्ने औसत प्रिमियम भुक्तानी रु तीन हजार ८०० रहेको भन्दै स्वास्थ्य बिमाबाट प्रतिपरिवारले लिएको सेवाको औसत भुक्तानी रु आठ हजार ३५० देखिएको बताउनुभयो । सेवा लिनेको दरमा समानता, कुल सङ्ख्यामा असमानता रहेको काफ्लेको भनाइ छ । उहाँका अनुसार प्रदेशमा रहेका बीमितमध्ये आर्थिक वर्ष २०७८/७९ मा कोशी र बाग्मती प्रदेशमा स्वास्थ्य सेवा लिने ४२ प्रतिशत, गण्डकीमा ३६ प्रतिशत, लुम्बिनीमा ३४ प्रतिशत थिए भने मधेसमा २६ प्रतिशत, कर्णालीमा ३४ प्रतिशत र सुदूरपश्चिममा २५ प्रतिशत रहेका थिए । उक्त दर आर्थिक वर्ष २०८०/८१ मा क्रमशः कोशीमा ४६, बाग्मती र गण्डकीमा ४४, लुम्बिनीमा ३९, मधेसमा २९, कर्णालीमा ५४ र सुदूरपश्चिममा ४० प्रतिशत रहेको छ ।

काफ्लले आर्थिक तथा सामाजिक दृष्टिमा पछाडि परेका प्रदेशहरूमा बिमामा सहभागिता निकै कम रहेकाले त्यहाँ सेवा लिनेको सङ्ख्या पनि निकै कम र यसैगरी उक्त प्रदेशका बहुसङ्ख्यक नागरिक स्वास्थ्य बिमामा समेटिन बाँकी रहेको बताउनुभयो । उहाँका अनुसार स्वास्थ्य बिमा कार्यक्रम हाल ७७ जिल्लाका ७४९ वटा स्थानीय तहमा विस्तार भएको छ । "कार्यक्रम लागू भएदेखि हालसम्म कुल ८९ लाख ५२ हजार १३५ जना व्यक्ति स्वास्थ्य बिमामा आबद्ध भएका छन् । आर्थिक वर्ष २०८१/८२ को फागुन मसान्तसम्ममा क्रियाशील बीमितको सङ्ख्या ५७ लाख ५३ हजार ८१७ रहेको छ जुन कुल जनसङ्ख्याको २० प्रतिशत हो", उहाँले भन्नुभयो, "जसमध्ये सामान्य क्रियाशील बीमित ४३ लाख दुई हजार ७०९ अर्थात् कुल बीमितमध्ये ७५ प्रतिशत र क्रियाशील लक्षित बीमित १४ लाख ५१ हजार १०८ अर्थात् २५ प्रतिशत रहेका छन् । क्रियाशील बीमितको सङ्ख्या विश्लेषण गर्दा अझै पनि बहुसङ्ख्यक अर्थात् ८० प्रतिशत नागरिकलाई समेट्न

# पाँच हजार हेक्टर वनक्षेत्रमा डढेलो

चितवन, २५ चैत (रासस) ।

जिल्लाको वन क्षेत्रमध्ये ५ हजार ४२० हेक्टर क्षेत्रफलमा डढेलो लागेको छ । डिभिजन वन कार्यालयको क्षेत्र, चितवन राष्ट्रिय निकुञ्ज र मध्यवर्ती वन क्षेत्रमा उक्त डढेलो लागेको हो ।

डिभिजन वन कार्यालयका सूचना अधिकारी देवीप्रसाद पौडेलका अनुसार यस कार्यालय मातहतमा चार हजार २२० हेक्टर वनमा डढेलो लागेको छ । वनको मातहतमा रहेको करिब ५७ हजार हेक्टर वनमध्ये सो क्षेत्रफलमा डढेलो लागेको हो । समुदायले वनमा झाडी भयो भनेर डढेलो लगाउने गरेको उहाँले बताउनुभयो ।

सूचना अधिकारी पौडेलले भन्नुभयो, "डढेलो लगाइरहेका छन् । तर नियन्त्रणमा आएको छैन ।" डढेलो नियन्त्रणका लागि सचेतना जगाउने काम भइरहेको भए पनि अझै डढेलो लगाउने चलनमा कमी आउन नसकेको उहाँले बताउनुभयो । वन क्षेत्रमा लगाइएको डढेलोका कारण वन्यजन्तुलाई समेत असर पारेको उहाँले बताउनुभयो ।

निकुञ्ज र मध्यवर्ती क्षेत्रमा एक हजार २०० हेक्टरभन्दा बढी क्षेत्रमा डढेलो लागेको निकुञ्जका सूचना अधिकारी अविनास थापामगरले जानकारी दिनुभयो । उहाँका अनुसार निकुञ्ज क्षेत्रमा ८०० हेक्टर र मध्यवर्ती क्षेत्रमा ४०० हेक्टर क्षेत्रफलमा डढेलो लागेको छ । डढेलो लागेको सूचना आएलगत्तै निकुञ्ज र नेपाली सेनाको टोलीले आगो निभाउने काम गरेको भए पनि दाउराघाँस काट्न जाने समुदायले आगो लगाउने गर्दा समस्या हुने गरेको उहाँले बताउनुभयो ।


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569



## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

अनुरोधकर्ता
अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी

# वायु प्रदूषण नियन्त्रणमा आवश्यक कदम चाल्न आह्वान

काठमाडौँ, २५ चैत (रासस)।

विगत केही दिनदेखि काठमाडौँ उपत्यकालगायत देशका अन्य भागमा वायु प्रदूषणको अवस्था गम्भीर बन्दै गएको भन्दै त्यसको नियन्त्रणमा तत्काल आवश्यक कदम चाल्न आह्वान गरिएको छ।

वातावरणसँग सम्बन्धित विभिन्न संस्थाहरूले आइतबार संयुक्त विज्ञप्तिमार्फत वन क्षेत्रमा लागेको डढेलो नियन्त्रणका लागि स्थानीय समुदाय, सुरक्षा निकायसँग समन्वय र सहकार्य गर्न आग्रह गरेका छन्।

नेपाल वातावरण पत्रकार समूहका अध्यक्ष चन्द्रशेखर कार्की, प्रकृति रिसोर्सेज सेन्टरका कार्यकारी निर्देशक राजु पण्डित क्षेत्री, स्वच्छ ऊर्जा नेपालका महासचिव राजन पराजुली, अभ्नी भेन्चर्सका निर्देशक सिलसिला आचार्य र वातावरणविद् भुषण तुलाधरले विज्ञप्तिमार्फत उपत्यकामा धुवाँ फाल्दै कुद्ने सवारीलाई तत्काल रोक लगाउनुपर्ने, धुलो लिएर उपत्यकामा भित्रने सवारीसाधनलाई रोक लगाउनुपर्ने आह्वान गर्नुभएको हो।

उहाँहरूले वायु प्रदूषण स्तरमा सुधार नहुन्जेलसम्मका लागि उपत्यकाका विद्यालयहरू बन्द गर्नुपर्ने, फोहोरमैला तथा कृषिजन्य अवशेषहरू जलाउने कार्यमा तत्काल रोक लगाउनुपर्ने, स्वास्थ्य जोखिमबाट जोगिनका लागि मास्क लगाउन अनिवार्य गर्नुपर्नेलगायत सुझाव दिनुभएको छ।

प्रदूषणमापन केन्द्रहरूले देखाएको आँकडाअनुसार काठमाडौँको हावा सास फेर्नका लागि अस्वस्थ्य छ। हाल काठमाडौँको हावामा कार्बन मोनोक्साइड, ब्ल्याक कार्बन, ओजोन तथा मसिना हानिकारक कणहरू (पिएम दुई दशमलव पाँच)को मात्रा धेरै रहेको छ।

सरकारबाट स्वीकृत वायु गुणस्तर सूचकाङ्कअनुसार शून्यदेखि ५० हुँदा राम्रो, ५१ देखि १०० हुँदा मध्यम, १०१ देखि १५० हुँदा संवेदनशील समूहका लागि अस्वस्थ, १५१ देखि २०० अस्वस्थ, २०१ देखि ३०० निकै अस्वस्थ तथा ३०१ भन्दामाथि भएमा खतरनाक तह पुगेको सङ्केत गर्दछ। आइतबारको तथ्याङ्कअनुसार काठमाडौँको हावाको गुणस्तर (एयर क्वालिटी इन्डेक्स, एक्युआई) १७९ देखिएको छ।

अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)को अध्ययनअनुसार विगत ९० दिनमा ७५ दिन काठमाडौँको वायु गुणस्तर हानिकारक देखिएको छ। कचौरा आकारको काठमाडौँ उपत्यका विश्वमै वायु प्रदूषणको जोखिममा रहेका प्रमुख सहरहरूमध्ये पर्दछ।

यसैगरी वन तथा वातावरण मन्त्रालयअन्तर्गतको वातावरण विभागले विगत केही दिनदेखि मुलुकका विभिन्न क्षेत्रहरूमा लागेको डढेलोलगायत कारणले वायु प्रदूषण बढेको जनाएको छ। यसबाहेक उद्योग कलकारखाना र सवारीसाधनबाट निष्कासन हुने धुवाँ, खुल्ला रूपमा फोहोर तथा कृषिजन्य अवशेष जलाउने, घरबाट निस्कने धुवाँ, सडक तथा निर्माणकार्यबाट उड्ने धुलो पनि वायु प्रदूषणका कारक रहेका छन्।

विशेषगरी चैत, वैशाख र जेठ महिना डढेलो लाग्ने याम रहेको र वर्षा नभएसम्म वायु प्रदूषण उच्च रहने सक्ने सम्भावना छ। वायु प्रदूषणले मानव स्वास्थ्यमा नकारात्मक असर पार्ने र विशेष गरी बालबालिका, वृद्धवृद्धा एवं श्वास प्रश्वास र मुटुका बिरामी, गर्भवती महिलाहरूलाई बढी प्रभाव पार्ने भएकाले यस्तो बेला विशेष सावधानी अपनाउनु हुन विभागले अनुरोध गरेको छ।

विभागले वन डढेलो लगाउने कार्य सार्वजनिक अपराध भएकाले यस्तो कार्य नगर्न, घरायसी ठोस फोहोर, प्लास्टिकजन्य फोहोर तथा कृषिजन्य अवशेषहरू नजलाउन, सवारीसाधनको नियमित मर्मतसम्भार गर्न, उद्योग कलकारखाना तथा भान्साहरूमा स्वच्छ ऊर्जाको प्रयोग गर्न, सडक तथा निर्माणकार्यबाट उड्ने धुवाँ धुलोको यथोचित नियन्त्रण गर्न आग्रह गरेको छ।

## साइबर क्राइम

**पृष्ठभूमी**

बर्तमान समय सामाजिक संजालको युग हो। फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन्। सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ। मानिस जुनसुकै देश र स्थानमा रहेपनि प्रत्यक्ष भैं कुराकानी गर्न पाएका छन्। तर, सामाजिक संजालले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग गरेर अपराध कर्म पनि हुन थालेको छ। जसलाई साइबर अपराध भनिन्छ।

अन्य अपराधभन्दा यसको प्रकृति र शैली बिलकुल फरक छ भने यसको प्रभाव पनि शक्तिशाली र आम रूपमा हुन्छ। विद्युतीय प्रविधिको गलत प्रयोगले निम्त्याउने यो अपराध अन्य अपराधभन्दा भिन्न शैलीको छ। इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याइने क्षतिलगायत अवैधानिक कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ।

कम्प्युटर, मोबाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिवर्तन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने, कल बाइपास, गैह्र कानूनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य नै साइबर अपराध (क्राइम) हो। त्यस्तै इन्टरनेटको प्रयोग गरी गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, धोकाधडी, क्रेडिट कार्ड तथा एकाउन्ट चोरी, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्‍याउने क्षति लगायत अवैधानिक कार्यलाई पनि साइबर अपराध मानिन्छ।

**कहाँ र कसरी गर्ने उजुरी ?**

साइबर क्राइमको उजुरी प्रहरी कार्यालयमा दिन सकिन्छ। यद्यपी अपराधका विषयमा उजुरी दिन प्रहरी कार्यालयमै पुग्नुपर्ने व्यवस्था भएपनि साइबर अपराधबारे उजुरी दिन कार्यालयमै पुग्नुपर्छ भन्ने छैन। प्रहरीमा अनलाइनमार्फत् पनि उजुरी वा निवेदन दिन सकिने व्यवस्था गरिएको छ। त्यसको लागि निवेदन टाइप गरी प्रमाणसहित साइबर व्युरोको इमेल आइडीमा उजुरी पठाउन सकिन्छ। प्रमाणको रुपमा स्क्रीन सर्ट, परिचयपत्र, लिंक, भिडियो, अडियो, फोटो लगायत प्रमाण निवेदनसँगै पठाउनुपर्ने हुन्छ। यसबाहेक साइबर व्युरोले उपलब्ध गराएको फोन नम्बरमा घट्नाको बारेमा जानकारी दिई नाम टिपाएर उजुरी गर्न सकिने हुन्छ।

पहिला अन्य अपराधको जसरी साइबर क्राइममा जुनसुकै जिल्ला अदालतमा मुद्दा दर्ता हुने व्यवस्था थिएन्। काठमाडौं जिल्ला अदालतमा मात्र साइबर क्राइमको मुद्दा दर्ता हुन्थ्यो।

५ असार, २०८० मा बसेको मन्त्रीपरिषद् बैठकले सबै जिल्ला अदालतलाई यस्तो अधिकार दिने निर्णय गरेको छ। विद्युतीय कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा ५ बमोजिम सोही ऐनको परिच्छेद ९ मा उल्लेख भए बमोजिमका कसुरहरूको शुरू कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई दिइने निर्णय गरेको छ।

**कसरी गरिन्छ यसको अनुसन्धान प्रकृया ?**

उजुरी परेपछि प्रहरीले उपलब्ध प्रमाणका आधारमा सुक्ष्म अनुसन्धान शुरु गर्दछ। प्रहरीले साइबर अपराध अनुसन्धान गर्नकै लागि साइबर ब्युरोको स्थापना गरी डिजिटल फरेन्सिक ल्याब सुधारको प्रयास सुरु गरेको छ। अपराधीले कतै न कतै डिजिटल प्रविधि प्रयोग गरेको हुन्छ भने प्रहरी पनि मोवाइलको लोकेसन, कल डिटेल या सामाजिक सञ्जालका क्रियाकलापको चेकजाँच गरी प्रारम्भिक अनुसन्धान शुरु गर्दछ। आरोपित व्यक्ति संलग्नता देखिए निजलाई पक्राउन गरी थप अनुसन्धान प्रकृया अगाडि बढाउँछ र प्रारम्भिक अनुसन्धान पश्चात सरकारी वकिलको कार्यालय मार्फत अदालतमा साइबर क्राइमको अभियोग दर्ता हुन्छ। अदालतमा अभियुक्तको बयान तथा पीडितको बकपत्र लगायतका बाँकी अनुसन्धान कार्य पुरा गरी अदालतमा फैसला सुनाउने गर्दछ।

**के छ दण्ड सजायको व्यवस्था ?**

नेपालमा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ प्रयोग गरेर साइबर अपराधको मुद्दा चलाउने गरिएको छ। अपराध पुष्टि भएमा अपराधको प्रकृति हेरी बढीमा तीन लाख रुपैयासम्म जरिवाना र पाँच बर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ। अपराधको प्रकृति र कसूरको गाम्भिर्यतालाई हेरेर कैद तथा जरिवाना कम बढी गर्ने स्वविवेकिय अधिकार न्यायाधीशमा रहेको हुन्छ। पीडितलाई पुग्न गएको क्षतिलाई विचार गरेर कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिने व्यवस्था पनि कानूनमा गरिएको छ।

**उजुरी गर्ने म्याद कति हुन्छ ?**

साइबर क्राइम सम्बन्धी कसूर ठहर्ने कुनै कार्य भएमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले पैतीस दिनभित्र उजुरी गरिसक्नुपर्ने हुन्छ।

**निष्कर्ष:**

जुनसुकै अपराधका दोषी उम्किनुहुँदैन्। पछिल्लो समयमा इन्टरनेटको प्रयोग गरी व्यक्तिको चरित्र हत्या गर्नेदेखि ठगी गर्ने, इमेल र बैंक अकाउण्ट ह्या गरी रकम चोर्नेजस्ता अपराध हुन थालेको छ। साइबर क्राइमबाट पीडित जो सुकैले न्याय पाउनुपर्दछ। अर्को कुरा सामाजिक संजालको प्रयोग कसरी गर्ने भन्नेतर्फ सबै प्रयोगकर्तालाई सचेत रहनु जरुरी छ। आफूलाई पर्न गएको मर्काको सम्बन्धमा उजुरी दिई अपराधीलाई कारवाहीको दायरामा ल्याउन जरुरी देखिन्छ।

**जनहितका लागि**
**सप्तकोशी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय फत्तेपुर, सप्तरी**

## विश्व समाचार

### अमेरिकामा दादुराबाट ६ सय ५० बच्चा बरामी

वासिङ्टन, २५ चैत (रासस/एएफपी)।

अमेरिकाको दक्षिण-पश्चिमी क्षेत्रमा दादुराको प्रकोपले अर्को बच्चाको ज्यान लिएको छ। अधिकारीहरूले आइतबार अत्यधिक सङ्क्रामक दादुरा रोग फैलिँदै गर्दा अहिलेसम्म करिब छ सय ५० जना सङ्क्रमित भएको बताएका छन्।

“भर्खरै दादुरा भएको पत्ता लागेको एक विद्यालय उमेरका बच्चाको निधन भएको खबर सुनेर हामी निकै दुःखी छौँ”, टेक्सासको मेडिकल सेन्टर, युएमसी हेल्थ सिस्टमका उपाध्यक्ष आरोन डेभिसले भन्नुभयो।

उक्त बच्चाले अस्पतालमा ‘दादुरा जटिलताहरू’ को लागि उपचार प्राप्त गरिरहेको भन्दै उहाँले बच्चालाई ‘दादुरा विरुद्धको खोप लगाइएको थिएन र कुनै अन्तर्निहित स्वास्थ्य समस्या थिएन’ भन्नुभयो।

अमेरिकाले वर्षौंको सबैभन्दा खराब दादुरा प्रकोपसँग जुभिरहेको बेला राष्ट्रपति डोनाल्ड ट्रम्पका स्वास्थ्यमन्त्री रोबर्ट एफ केनेडी जुनियरले खोपको महत्त्वलाई कम आँक्ने आफ्नो विगतको बयानबाजीले स्वास्थ्य विज्ञहरूलाई चिन्तित बनाएको छ।

तथापि केनेडीले आइतबार एक्समा ‘दादुरा फैलन रोक्ने सबैभन्दा प्रभावकारी तरिका एमएमआर खोप हो’ भनेर लेख्नुभएको छ।

उहाँले आफ्नो स्वास्थ्य तथा मानव सेवा (एचएचएस) विभाग र रोग नियन्त्रण तथा रोकथाम केन्द्रहरू (सिडिसी) ले टेक्सासमा खोप वितरणलाई सहयोग गरिरहेको बताउनुभयो।

बच्चाको परिवारलाई सान्त्वना दिन टेक्सास गएको बताउनुहुने केनेडीले आइतबारसम्म ‘२२ राज्यमा दादुराका छ सय ४२ पुष्टि भएका मामिलाहरू र तीमध्ये चार सय ९९ टेक्सासमा’ रहेको पनि उल्लेख गर्नुभयो।

एयर फोर्स वानमा पत्रकारहरूको प्रश्नको जवाफमा ट्रम्पले प्रकोपलाई ‘अहिलेसम्म हामीले कुरा गरिरहेको कुराको तुलनामा सापेक्षिक रूपमा सानो सङ्ख्या’ भनेर कम आँकेको देखिन्थ्यो।

तर उहाँले थप विवरण नदिई यदि यो ‘बढ्दै गयो भने हामीले धेरै कडा कारबाही गर्नुपर्नेछ’ भन्नुभयो।

### चीनले ट्रम्पको करविरुद्ध प्रतिक्रिया दिँदै गर्दा सेयर बजार आतंकित

टोकियो, २५ चैत (रासस/एएफपी)।

चिनियाँ प्रतिकार र विश्वव्यापी मन्दीको चेतावनी अझ चर्को हुँदै जाँदा पनि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो कठोर भन्सार शुल्कमा अडान लिइरहेको बेला सोमबार विश्व बजार आतङ्कित भएको छ।

विश्वभरका देशहरूले नयाँ अमेरिकी भन्सार शुल्कको धारलाई कम गर्न सङ्घर्ष गरिरहेका छन् तर बेइजिङले विश्वको दुई ठूला अर्थतन्त्रबीचको व्यापार युद्धलाई बढावा दिँदै भन्सार शुल्कहरूको सामना गरिरहेको सङ्केत दिएको छ।

ट्रम्पले अमेरिकाका व्यापारिक साझेदारहरूसँगको घाटामा कटौती गर्ने आफ्नो मागलाई दोब्बर तुल्याउँदै त्यो समाधान नभएसम्म कुनै पनि सम्झौतामा कटौती नगर्ने बताउनुभएको छ।

“कहिलेकाहीँ तपाईंले केही कुरा ठिक गर्न औषधि लिनुपर्छ”, ट्रम्पले आइतबार भन्नुभयो। उहाँले एयर फोर्स वनमा सवार पत्रकारहरूलाई विश्व नेताहरू ‘सम्झौता गर्न लालायित भइरहेको’ बताउनुभयो।

ट्रम्पले गत हप्ता संयुक्त राज्य अमेरिकामा आउने सामानहरूमा आधारभूत १० प्रतिशत आयात भन्सार शुल्क र युरोपेली सङ्घ (इयु), जापान र ताइवान सहित धेरै देशका लागि उच्च दरहरू घोषणा गर्नुभयो।

अधिकांश देशले जवाफी कारवाही गर्न छाडेका छन् तर एसियाली बजारहरू बन्द भएपछि चीनले शुक्रबार अप्रिल १० देखि सबै अमेरिकी सामानमा ३४ प्रतिशत प्रतिशोधात्मक भन्सार शुल्क लगाउने घोषणा गरेको छ।

“(यो) कठोर-बल आर्थिक युद्ध हो”, एसपिआई एसेट म्यानेजमेन्टका स्टिफन इन्नेसले भन्नुभयो, “बजारले तपाईंलाई सरल भाषामा भन्दैछ : विश्वव्यापी माग हराइरहेको छ र विश्वव्यापी मन्दी आउने वाला छ र तीव्रतामा आउँदैछ।”

विश्वव्यापी रूपमा खर्बौं डलरको स्टक नष्ट भएको छ र लगानीकर्ताहरू सुरक्षित सम्पत्तिमा सरेकाले सोमबार एसियाली इक्विटीहरूले अझ बढी क्षति बेहोरेका छन्।

जापानमा निक्केई छ दशमलव पाँच प्रतिशतले घटेको छ। प्रारम्भिक कारोबारमा लगभग आठ प्रतिशतले घटेको थियो। हङकङमा ह्याङ सेङ लगभग १० प्रतिशत र साङ्घाई कम्पोजिट चार प्रतिशतभन्दा बढी घटेको छ।

हङकङ र साङ्घाईमा जस्तै शुक्रबार बन्द भएको ताइवानको मुख्य सूचकाङ्क करिब १० प्रतिशत र सिङ्गापुर आठ दशमलव पाँच प्रतिशतले घटे।

न्युयोर्क स्टक एक्सचेन्जको मुख्य बोर्डहरूका लागि फ्युचर कन्ट्र्याक्टहरू आइतबार तीव्र रूपमा तल झरेको थियो। यसले सोमबार बजार खुल्दा वाल स्ट्रिट स्टकहरूका लागि थप पीडाको सुझाव दिन्छ।

विश्वव्यापी मन्दीको चिन्ताका कारण सन् २०२१ अप्रिलपछि पहिलोपटक अमेरिकी तेल प्रतिब्यारेल ६० डलरभन्दा तल झरेको छ।

# आर्थिक विकासमा जोड दिन सरकारलाई सुझाव

काठमाडौं, २५ चैत (रासस)। विभिन्न चार राजनीतिक दलले सबै खालका विकृति, विसङ्गतिको अन्त्य गर्दै मुलुकलाई आर्थिक विकासको बाटोमा अगाडि बढाउन सरकारलाई सुझाव दिएका छन्। वैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टी नेपाल, नेकपा (बहुमत), नेपाल कम्युनिष्ट पार्टी र श्रमिक जनता पार्टी नेपालले पछिल्लो समयमा देशको आर्थिक अवस्था नाजुक बन्दै गएकाले सरकार र राजनीतिक दलको मुख्य एजेन्डा देशको आर्थिक विकास बन्नुपर्ने आवश्यकता औँल्याएका हुन्। ती पार्टीहरूद्वारा संयुक्त रूपमा आइतबार जारी विज्ञप्तीमा भनिएको छ, "पछिल्लो समयमा जनतामा असन्तुष्टि बढ्दै गएको छ, गरिबी र भ्रष्टाचार त्यत्तिकै छ, जनताले स्वतन्त्रता, समानता, स्वाधीनता, समृद्धि र प्रगतिको आकाङ्क्षा गरेका छन्, ती आकाङ्क्षा पूरा गर्नुपर्ने छ।"

# माग पूरा नभएसम्म शिक्षकले उत्तरपुस्तिका परीक्षण नगर्ने

काठमाडौं, २५ चैत (रासस)। नेपाल शिक्षक महासङ्घले चौथो चरणको आन्दोलन घोषणा गरेको छ। यही चैत २० गतेदेखि काठमाडौँमा सडक आन्दोनल गरिरहेको महासङ्घले सोमबारदेखि शैक्षिक हडतालको घोषणा गरिएको महासङ्घ अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले जानकारी दिनुभयो।

आन्दोलन अवधिभरि उत्तरपुस्तिका परीक्षण, नतिजा प्रकाशन, तालिम गोष्ठी, शैक्षिक भ्रमणजस्ता कुनै पनि कार्यमा सङ्लग्न नहुन उहाँले आग्रह गर्नुभएको छ।

महासङ्घको अगुवाइमा विद्यालय शिक्षा विधेयक जारी गर्नुपर्ने माग राख्दै आन्लोन भइरहेको छ। महासङ्घ अध्यक्ष सुवेदीले विगतमा भएका सहमतिअनुसार विधेयक जारी गर्नुपर्ने र सो नभएसम्म आन्दोलनमै रहने बताउनुभयो। उहाँले अध्यादेशबाट भए पनि विगतमा गरिएका सहमतिअनुसार विधेयक जारी गर्नुपर्ने माग गर्नुभयो।

# रवि लामिछाने रूपन्देही कारागार चलान

भैरहवा (रूपन्देही), २५ चैत (रासस)। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति एवं गोर्खा मिडिया नेटवर्कका तत्कालीन प्रबन्ध निर्देशक रवि लामिछाने कारागार चलान हुनुभएको छ। दुई दिन जिल्ला प्रहरी कार्यालय, रुपन्देहीको हिरासतमा राखिनुभएका लामिछाने सोमबार जिल्ला कारागार चलान हुनुभएको हो।

सोमबार विहान जिल्ला अदालत पेस गरेर आवश्यक प्रक्रिया पूरा गरिएपछि उहाँलाई कारागार चलान गरिएको हो। अदालत पेस गरेपछि उहाँलाई थुनुवा पुर्जी दिइएको थियो।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक (डिएसपी) सुरज कार्कीको नेतृत्वको टोलीले लामिछानेलाई अदालत पेस गरेलगत्तै थुनुवा पुर्जी प्रदान गर्ने प्रक्रिया पूरा गरेर कारागार लगिएको थियो। जिल्ला प्रहरीको टोलीले सोमबार विहान कार्यालय समय भएपछि बुटवल पुगेर उच्च अदालतको आदेशको मिसिल बुझेको थियो। मिसिल बुझेर भैरहवा ल्याएपछि जिल्ला प्रहरीको हिरासतबाट लामिछानेलाई अदालत पेस गरिएको थियो।

जिल्ला कारागारका प्रशासक सुरेश भण्डारीका अनुसार करिब एक घण्टासम्म कारागारमा लामिछानेको स्वास्थ्य परीक्षण गरिएको थियो। त्यसपछि लामिछानेलाई कारागारको ब्लक नं ४ मा राखिएको छ। उक्त कारागारमा अहिले लामिछाने मात्रै रहेको प्रशासक भण्डारीले बताउनुभयो।

लामिछानेलाई राखिएको कक्ष अन्य कैदीबन्दीलाई राखिएका भवनभन्दा बाहिर रहेको छ। शुक्रबार राति काठमाडौँमा पक्राउ गरेर लामिछानेलाई शनिबार बिहान भैरहवा ल्याइएको थियो। दुई दिन बिदा भएपछि उहाँलाई शनिबार र आइतबार जिल्ला प्रहरी कार्यालय, रुपन्देहीको हिरासतमा राखिएको थियो।

सोमबार बिहान अदालत लैजानुअघि सदरमुकाम भैरहवाको सुरक्षा व्यवस्था कडा बनाइएको थियो। जिल्ला प्रहरीबाट अदालत जाने बाटो र अदालत परिसर आसपास नेपाल र सशस्त्र प्रहरी तैनाथ गरिएको थियो।

त्यस्तै, जिल्ला कारागार परिसर र आसपास पनि बाक्लो सङ्ख्यामा सुरक्षाकर्मी परिचालन गरिएको थियो। बुटवलको सुप्रिम सहकारी ठगी र सङ्गठित अपराधसम्बन्धी मुद्दामा उच्च अदालत तुलसीपुर बुटवल इजलासले शुक्रबार थुनामा राख्न आदेश दिएपछि प्रहरीले लामिछानेलाई पक्राउ गरेको थियो।

जिल्ला अदालत रूपन्देहीले दिएको रु एक करोड धरौटी लिएर छाड्ने आदेश बदर गर्दै उच्च अदालतले लामिछानेलाई थुनामा पठाउने आदेश दिएको हो। गत माघ १३ गते जिल्ला अदालत रूपन्देहीले रवि लामिछानेलाई एक करोड धरौटी रकम माग गरेको थियो भने छविलाल जोशीलाई माघ २९ गते पुर्पक्षका लागि कारागार चलान गरेको थियो।

समान प्रकृतिको मुद्दामा एकजनालाई धरौटी र अर्कालाई थुना भएपछि सरकारी वकिल कार्यालयले लामिछानेलाई पनि थुनामै राख्नुपर्ने माग गर्दै उच्च अदालत पुगेको थियो।

# शिक्षकसँगको सहमतिका आधारमा विद्यालय शिक्षा ऐन जारी गर्न माओवादीको माग

काठमाडौं, २५ चैत (रासस)। नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)ले विगतमा नेपाल शिक्षक महासङ्घसँग भएको सहमतिका आधारमा विद्यालय शिक्षा ऐन तत्काल जारी गर्न सरकारसँग माग गरेको छ।

माओवादी केन्द्रका उपाध्यक्ष एवं प्रवक्ता अग्निप्रसाद सापकोटाले सोमबार विज्ञप्ति जारी गर्दै संसद्को विशेष अधिवेशन वा अन्य उपायबाट सो ऐन जारी गरी आन्दोलनरत शिक्षकलाई शैक्षिक जिम्मेवारी पूरा गर्ने वातावरण बनाउन आग्रह गर्नुभएको हो।

शिक्षा क्षेत्रमा गुणात्मक सुधार आजको आवश्यकता भएको औँल्याउँदै माओवादी केन्द्रले विद्यालयस्तरमा लामो समयदेखि कार्यरत शिक्षकका लागि उत्प्रेणामुखी वातावरण सिर्जना गर्दै उनीहरूको पेसागत सुरक्षा अनिवार्य सर्त भएको जनाएको छ।

माओवादीले संविधानतः आमनागरिकले शिक्षा प्राप्त गर्न पाउने अधिकार सुनिश्चित भए पनि आवश्यक कानुनी र नीतिगत संरचना निर्माण नहुँदासम्म सङ्घीयताको मर्मअनुरूप शैक्षिक क्षेत्रको पुनर्संरचना हुन नसक्ने उल्लेख गरेको छ। माओवादीले निजामती, शिक्षा, स्वास्थ्य, प्रहरीलगायत ऐन जारी गरी कार्यान्वयनमा जोड दिन सरकारको ध्यानाकर्षण गराएको छ।

आफ्नो पार्टी नेतृत्वको सरकारले जटिलताबीच विद्यालय शिक्षा विधेयक तर्जुमा गरी संसद्मा दर्ता गरेको जनाउँदै माओवादी केन्द्रले सो विधेयकलाई यथाशीघ्र पारित नगरेर सरकारले शिक्षक र विद्यार्थीको पेसा र भविष्यमाथि खेलबाड गरेको आरोप लगाएको छ।

"सरकार गठन भएको दश महिनासम्म आन्दोलनरत शिक्षकको जायज मागलाई बेवास्ता गरिनु तथा शिक्षकको आन्दोलन चर्किएपछि बजेट अधिवेशनमा विधेयक पारित गर्ने तर्क दिनु विरोधाभाष छ," प्रवक्ता सापकोटाले भन्नुभयो। शिक्षकका मागप्रति ऐक्यबद्धता व्यक्त गर्दै माओवादीले आमजनसमुदायमा समेत शिक्षकका पक्षमा उभिन आह्वान गरेको छ।

# आन्दोलनरत शिक्षकका माग छिटो सम्बोधन गरिनुपर्छ : अध्यक्ष दाहाल

काठमाडौं, २५ चैत (रासस)। नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले आन्दोलनरत शिक्षकका माग छिटो सम्बोधन गरिनुपर्ने बताउनुभएको छ।

आइतबार यहाँ आयोजित नेवा मुक्ति मोर्चाको प्रशिक्षण भेलामा उहाँले माग सम्बोधन गराउने सवालमा आफ्नो पार्टी शिक्षकहरूको साथमा रहेको बताउनुभयो।

अध्यक्ष प्रचण्डले शिक्षकहरूको माग पूरा गर्ने सन्दर्भमा प्रतिपक्षी दलले खेल्ने भूमिकाबारे संवाद भइरहेको बताउनुभयो।

नेपाल शिक्षक महासङ्घको आह्वानमा सामुदायिक विद्यालयका शिक्षकहरू विद्यालय शिक्षा ऐन जारी गर्नुपर्ने मागसहित यही चैत २० गतेदेखि काठमाडौँ केन्द्रित आन्दोलनमा छन्।

# नेकपा एसद्वारा शिक्षकका समस्या समाधान गर्न आग्रह

काठमाडौं, २५ चैत (रासस)। नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)ले शिक्षा ऐन तत्काल पारित गरी शिक्षकले उठाएका जायज मागलाई यथाशिघ्र वार्ता र संवादमार्फत सम्बोधन गर्न सरकारलाई आग्रह गरेको छ। सो पार्टीले शिक्षकको आन्दोलनप्रति एक्यबद्धता जनाउँदै शिक्षा क्षेत्रका जायज माग पुरा गरी सरकारसँग भएका सम्झौता कार्यान्वयन गर्न माग गरेको हो।

"यस आन्दोलनबाट शैक्षिक क्षेत्र अस्तव्यस्त बन्न पुगेको छ, पठनपाठन बन्द भएको अवस्था छ र एसइईको उत्तरपुस्तिका परीक्षण प्रभावित बन्न पुगेको छ, यो राज्यको निम्ति एकदमै गम्भीर विषय हो, शिक्षकको यस आन्दोलनप्रति हाम्रो पार्टी एक्यबद्धता जनाउन चाहन्छ", पार्टीका उपमहासचिव रामकुमार भट्टराईद्वारा आइतबार जारी विज्ञप्तीमा भनिएको छ।

नेपाल शिक्षक महासङ्घको नेतृत्वमा यही चैत्र २० गतेदेखि देशभरिका शिक्षक र विद्यालयका कर्मचारीले गुणस्तरीय विद्यालय शिक्षा, विद्यार्थी र शिक्षक-कर्मचारीमैत्री विद्यालय शिक्षा ऐन जारी गर्नुपर्ने माग राख्दै काठमाडौँको माइतीघरमा आन्दोलन गरिरहेका छन्।

### *शिक्षक आन्दोलनका ...*

बढी विद्यार्थी अध्ययनरत छन्। शिक्षकहरुद्वारा यसरी शैक्षिक आन्दोलन नै सुरु गरिएपछी ती सबै बालबालिकाको वार्षिक परीक्षको रिजल्ट समेत प्रभावित बनेको छ।

### *वार्तामार्फत ...*

विसङ्गति, अराजकता र अन्योलता अन्त्य गर्न जरुरी रहेको बताउनुभयो। "मुलुकको विकास, परिवर्तन र भविष्यको मूल आधार शिक्षा नै हो, शिक्षा क्षेत्रमा देखिएका समस्या समाधान गरी गुणस्तरीय शिक्षामा सबैको पहुँच स्थापित गर्न जरुरी छ", उहाँले भन्नुभयो।


## उच्च रक्तचाप नियन्त्रण गर्ने उपायहरू

- नून कम भएको स्वस्थ र पोपिलो आहार खाने,
- तौल कम गर्ने र शारीरिक रुपमा सक्रिय रहने,
- सुर्ती तथा मदिराजन्य पदार्थको सेवन नगर्ने,
- चिकित्सकको सल्लाह पालना गर्ने,
- चिकित्सकले सिफारिस गरेको औषधी नछुटाई खाने,
- आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई मधुमेह, रक्तचाप (ब्लडप्रेसर), मिर्गौला सम्वन्धी रोगको नियमित जाँच गर्ने गरौं।

स्वस्थ र दीर्घ जीवन बाँचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



## माईग्रेशन सर्टिफिकेट हराएको सूचना

राजविराज नगरपालिका वडा नं. ८ निवासी आर्यन साहको रजिष्ट्रेशन नं. ७७१५३०००४ भएको माईग्रेशन सर्टिफिकेट २०८१ फागुन १५ गते हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा ९८१५७७८५१४ मा सम्पर्क गर्नुहोला।

**नाम : आर्यन साह**
**ठेगाना : राजविराज ८, सप्तरी**
**रजिष्ट्रेशन नं. : ७७१५३०००४**
**सि.नं. : २१५०२५२९**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*